## सिद्धार्थ बैंक लिमिटेडका शेयरधनी महानुभावहरुलाई
## अठारौं वार्षिक साधारण सभाको सूचना

**श्री शेयरधनी महानुभावहरू,**

यस बैंकको मिति २०७६ साल आश्विन १५ गते (तदनुसार ०२ अक्टोबर २०१९) का दिन बसेको सञ्चालक समितिको ३२५औं बैठकको निर्णयानुसार बैंकको अठारौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवम् उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**१. सभा हुने मिति, समय र स्थान**

मिति : २०७६ साल कार्तिक ०७ गते बिहिबार (तद्अनुसार २४ अक्टोबर २०१९)
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली काठमाडौं ।
सभा शुरु हुने समय : बिहान ११ बजे
उपस्थिति पुस्तिका बिहान ९ बजे देखि नै खुल्ला राखिने छ ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७५/७६ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, सोही अवधीको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र तत् सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।
३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लि." को आ.व.२०७५/७६ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७६/७७ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बहालवाला लेखापरीक्षक श्री एसएआर एसोसिएटस् ,चार्टड एकाउण्टेण्ट्सको ३ वर्षको अवधि समाप्त भएकाले पुनः नियुक्त हुन योग्य हुनुहुन्न ।)
५. बैंकको चुक्ता पूँजी रु. ८,८८७,६०४,५४० (अक्षरेपी आठ अर्ब अठासी करोड छयहत्तर लाख चार हजार पाँच सय चालिस रुपैंया मात्र) को १५.२६ प्रतिशतका दरले रु. १,३५६,५२९,११४ (अक्षरेपी एक अर्ब पैंतिस करोड पैंसठ्ठी लाख उनन्तीस हजार एक सय चौध रुपैंया मात्र) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु ८,८८७,६०४,५४० (अक्षरेपी आठ अर्ब अठासी करोड छयहत्तर लाख चार हजार पाँच सय चालिस रुपैंया मात्र) को १० प्रतिशतका दरले हुने रु. ८८८,७६०,४५४ (अक्षरेपी अठासी करोड सतासी लाख साठी हजार चार सय चौवन्न रुपैंया मात्र) बराबरको बोनस शेयर प्रदान गर्ने । साथै, सो अनुसार बोनस शेयर प्रदान गर्दा संस्थापक एवं सर्वसाधारण शेयरधनीको शेयर अनुपात क्रमशः ५१ र ४९ प्रतिशत कायम हुने गरी उपरोक्त अनुसारको बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीले प्राप्त गर्ने नगद लाभांशबाट कट्टा/समायोजन गरी सो भिन्न अंकलाई पूर्ण अंक कायम गरी बोनस शेयर जारी गर्ने तर शेयर अनुपातमा फरक पर्ने भएमा भिन्न अंक (Fraction) यथावत राख्ने र सोका कारण जारी तथा चुक्ता पूँजीमा हेरफेर हुने भएमा सो हद सम्म मिलाई आवश्यक जारी तथा चुक्ता पूँजी कायम गर्न संचालक समितिलाई स्वीकृती प्रदान गर्ने र सो गर्दा समेत भिन्न अंक (Fraction) बाँकी भएमा यथावत राख्ने ।

SiddharthaBank

२. माथि विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/थप गर्ने ।

३. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

४. संचालक समितिको मिति २०७६ साल भदौ १२ गते बसेको ३२१औं बैठकले प्रचलित कानून एवम् बैंकको नियमावलीको अधीनमा रहि रिक्त रहेको स्वतन्त्र संचालक पदमा बाँकी अवधिका लागि श्री हसना शर्मालाई नियुक्त गरेकोमा सो नियुक्तिलाई अनुमोदन गर्ने ।

५. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न संस्थाहरुलाई सहयोग स्वरुप प्रदान गरिएको रु. एक लाख भन्दा माथिको अनुदान तथा सहयोग रकम उपलब्ध गराउने सञ्चालक समितिको निर्णयलाई कम्पनी ऐन, २०६३ बमोजिम अनुमोदन गर्ने ।

६. सिद्धार्थ बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अर्को कुनै उपयुक्त संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा बैंकको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit- DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने र गाभिने तथा प्राप्त गर्ने (Merger & Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य आवश्यक प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, लगायत मर्जर तथा एक्वीजिसन सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

**(ग) विविध**

SiddharthaBank

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी संक्षिप्त जानकारी**

१) साधारण सभाको प्रयोजनको लागि मिति २०७६ साल आश्विन २९ गते एक दिनको लागि बैंकको शेयर दाखिल खारेज दर्ता बन्द गरिनेछ । सो दिनभन्दा अघि शेयर बाँडफाँड भई वा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सो दिनभन्दा अघि कारोबार भई बैंकको शेयरधनीदर्ता किताबमा कायम शेयरधनीहरुले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नु हुनेछ ।

२) शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

३) संयुक्त रुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।

४) सभामा भागलिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले बैंकको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ ।

५) प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड नारायणचौर, नक्साल, काठमाण्डौंमा बुझाई सक्नुपर्नेछ ।

६) प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधि पत्र यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाण्डौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना सभा सुरु हुनभन्दा ४८ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाण्डौंमा नै दिनुपर्नेछ ।

७) एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा दफा ६ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ । प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाण्डौंमा बुझाई सक्नुपर्नेछ ।

SiddharthaBank

८) विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको बिषयबारे सभा हुनुभन्दा ७ दिन अगावै बैंकको हात्तीसार, काठमाण्डौ स्थित प्रधान कार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।

९) शेयर प्रमाण-पत्र वा शेयर स्टेटमेण्ट प्राप्त गरी नसक्नु भएका शेयरधनीले यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाण्डौंबाट शेयर प्रमाण-पत्र वा आफ्नो हितग्राही खाता रहेको संस्थामा गई स्टेटमेण्ट लिनु पर्नेछ । सभाको दिन सभाकक्षमा शेयर प्रमाण-पत्र वितरण गरिने छैन ।

१०) आफ्नो परिचयपत्र सहित बैंकले जारी गरेको प्रवेश-पत्र वा शेयर प्रमाण पत्र वा बैंकको शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण खाता (DMAT Account) को विवरण (BOID Statement) प्रस्तुत गरेपछि मात्र सभाकक्ष भित्र प्रवेश गर्न पाईनेछ ।

११) सभाको दिन सभा शुरु हुनुभन्दापहिले नै उपस्थित भईदिनुहुन हार्दिक अनुरोध गर्दछौं । साथै शेयरधनी महानुभावहरुको सुविधाको लागि सभा हुने दिन बिहान ९:०० बजेदेखि हाजिर पुस्तिका खुल्ला रहनेछ ।

नोट :

१. साधारणसभासँग सम्बन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरु यस बैंकको वेबसाइट www.siddharthabank.com मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

२. अन्य जानकारीको लागि बैंकको रजिष्टर्ड कार्यालय, हात्तीसार काठमाण्डौं स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नं. ०१-४४४२९१९/४४४२९२०) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

SiddharthaBank